## सामलिङ्ग पावर कम्पनी लिमिटेडको
## चौथो वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

१. **वैधानिक सभाः**

सामलिङ्ग पावर कम्पनी लिमिटेडको मिति २०७९ साल मंसिर महिना २१ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार बोलाईएको चौथो वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मोहन दास मानन्धरज्यूका अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समयः**

**मितिः** २०७९ साल पुष महिना २१ गते, बिहिवार ।

**स्थानः** ज्वागल व्याङ्केट, ज्वागल, ललितपुर ।

**सञ्चालन विधिः** भौतिक रुपमा संचालन भएको ।

**सभा सुरु भएको समयः** विहान ११:०० बजे

३. **उपस्थितिः**

| | पद | हस्ताक्षर |
|---|---|---|
| १) श्री मोहन दास मानन्धर | अध्यक्ष/संचालक | |
| २) श्री श्याम मिलन श्रेष्ठ | संचालक | |
| ३) श्री गोपाल मानन्धर | संचालक | |
| ४) श्री शम्भु प्रसाद फयल | संचालक | |
| ५) श्री ववित‍ा फूयाल (प्रतिनिधि-इक्युटास होल्डिङस् प्रा.लि.) | संचालक | |
| ६) श्री दुर्गादेवी अधिकारी | संचालक | |
| ७) श्री राजु शाक्य | स्वतन्त्र संचालक | |
| ८) श्री अनिता खत्री | कम्पनी सचिव | |

Samling Power Co. Ltd.

कम्पनीका संचालक र पदाधिकारीहरु बाहेक आजको वार्षिक साधारण सभामा कम्पनीका लेखापरिक्षक प्रधान एण्ड एशोसियट्सका Chartered Accountant श्री क्षेत्र गोपाल प्रधान र Chartered Accountant श्री प्रतिश शाक्य, कम्पनीका शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ड बैंकिङ्ग क्यापिटलका अपरेसन इन्चार्ज श्री केदार पुडासैनी तथा कानूनी सल्लाहकार अधिवक्ता अन्जन कुमार दाहाल लगायत कम्पनीका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

४. **सभाको सुचना तथा आवश्यक विवरण**

कम्पनीको चौथो वार्षिक साधारण सभा बस्ने बारेको जानकारी शेयरधनी महानुभावहरुको जानकारीका लागि मिति २०७९/०८/२८ तथा २०७९/०९/१३ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको र शेयरधनी महानुभावहरुको सहजताको लागि साधारण सभा बारेको जानकारी कम्पनी वेभसाइटमा समेत राखि सार्वजनिक रुपमा सूचित गर्नुका साथै शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगाना समेत पठाइएको भनि कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

५. **वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

क) **सामान्य प्रस्तावः**

१) आ.व. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

ख) **विशेष प्रस्तावः**

१) आयोजनाको अन्तिम लागत र सो लागत बमोजिमको बैंकको ऋण लगानी रकम अनुमोदन गर्ने सम्बन्धमा ।

२) कम्पनीको मिति २०७९/०२/१६ मा गठित ७ सदस्यीय संचालक समितिको अनुमोदन तथा बाँकी कार्य अवधिको लागि स्वीकृती दिने सम्बन्धमा ।

३) कम्पनीको हाल कायम रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी नयाँ ठेगाना कायम गर्न प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४) माथि विशेष प्रस्ताव (१) को प्रस्तावित संशोधनमा नियमणकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने ।

ग) **विविध ।**

६. **शेयरधनीहरुको उपस्थिति**

| बाँडफाँड भएको कुल शेयर संख्या | कुल शेयरधनी संख्या | स्वयं उपस्थिति शेयरधनी संख्या | प्रतिनिधि पत्रमार्फत उपस्थिति शेयरधनी संख्या | जम्मा उपस्थिति शेयरधनी संख्या | उपस्थिति कुल शेयर संख्या | बाँडफाँड भएको शेयर सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| ५०,००,००० (पचास लाख) | ७२,१९३ | ४५ | ४९ | ९४ | २७,३२,८९१ | ५४.६६% |

Samling Power Co. Ltd

७. **गणपुरक संख्या एवम् वैधानिकता**

सभा विधिवत रुपमा शुरु गर्नुअघि कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून र कम्पनीको नियमावली बमोजिम बोलाइएको र सभा गर्न कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत् पश्चात सभा विधिवत प्रारम्भ भयो ।

८. **आसन ग्रहण**

गणपुरक संख्या पुगेको र सभा वैद्यानिक रहेकोले कम्पनी सचिवले कम्पनीका संचालकज्यूहरु, आमन्त्रित महानुभावहरु तथा कम्पनीका उच्चपदस्थ पदाधिकारीहरुलाई आसन ग्रहण गराउनु भयो ।

९. **राष्ट्रिय गान, पानसमा दिप प्रज्वलन, सभाको अध्यक्षता र सभा संचालन**

आसन ग्रहण पश्चात सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो । राष्ट्रिय गान पश्चात अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गर्नुभयो । सो पश्चात कम्पनी ऐनको २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमवालीको नियम १९ (१) बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन कम्पनी संचालक समितिका अध्यक्ष श्री मोहनदास मानन्धरज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो र सोही बमोजिम कम्पनीका अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । अध्यक्षको अनुमतिमा कम्पनी सचिव तथा कम्पनीका कानूनी सल्लाहकारले साधारण सभाको काम कारवाही अगाढी बढाउनु भयो ।

१०. **अध्यक्षज्यूबाट मन्तव्य**

कम्पनी सचिवले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नु भएबमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई कम्पनीको तर्फबाट सभामा स्वागत गर्दै सभा समक्ष कम्पनीको वर्तमान अवस्था साथै भावि कार्यक्रमहरु उल्लेख गर्दै संचालक समितिको तर्फबाट आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन सहित आफ्नो मन्तव्य राख्नुभयो ।

११. **छलफलका लागि आव्हान**

अध्यक्षज्यूले आफ्नो मन्तव्य राखिसके पश्चात कम्पनीको काम कारवाहीहरु, भावि कार्ययोजनाहरु, सभामा छलफलका लागि निर्धारित प्रस्तावहरु लगायत कम्पनीसँग सम्बन्धित कुनै पनि विषयमा कुनै जिज्ञासा, प्रश्न तथा सुझावहरु भए सभा समक्ष पेश गर्नुहुन भनि कानुनी सल्लाहाकारले सभामा उपस्थित आदरणिय शेयरधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई आव्हान गर्नुभयो ।

१२. **जिज्ञासा, प्रश्न तथा सुझावहरु**

**सुझावहरु**

उपस्थित आदरणीय शररेधनी महानुभावहरु तथा उपस्थित प्रतिनिधिहरुलाई जिज्ञासा, प्रश्न तथा सुझावहरुको लागि आव्हान गर्नुभएकोमा देहायमा उल्लेखित शेयरधनीहरु तथा उपस्थिति प्रतिनिधिहरुबाट देहाय बमोजिमका जिज्ञासा, प्रश्न तथा सुझावहरु प्राप्त भएको ।

क. श्री डम्मरु बल्लभ घिमिरे (लिखित रुपमा सुझाव दिएको)

ख. श्री शिव प्रसाद पौडेल (लिखित रुपमा सुझाव दिएको)

ग. श्री सत्रुघन श्रेष्ठ

१. इलाम जिल्लामा निमार्ण सम्पन्न ९.५१ मे.वा. जडित क्षमताको यो सामलिङ्ग पावर कम्पनी उत्पादननै शुरु गरिसकेकोमा धन्यवाद ज्ञापन गर्दछु । यसक साथै राष्ट्रिय प्रशारणको कुनै पनि समस्या हाम्रो यो हाईड्रोमा नभएकोमा पनि धन्यवाद ।

Samling Power Co. Ltd.

२. यस कम्पनीको ९.५१ मे.वा जलविद्युत हाईड्रोपावर प्रोजेक्टमा २०७८ साल कात्तिक २ र ३ गते आएको बाढीका कारण आयोजनामा क्षति पुगेकोमा मलाई दु:ख लागेको छ । यति हुदा हुदै पनि २०७८ माघ २५ मा मर्मत सम्भार गरी पुन संचालनमा ल्याउनु भएकोमा तपाईहरुको महान प्रशंसा गर्दछु । त्यसका साथै २०७८/२०७९ को 1st quarter मा दुई करोड छयत्तर लाख तेह्र हजार नाफा गर्न सफल भएकोमा मा त्यसका साथै यस कम्पनीले २०७८/७९ मा विद्युत बिक्रीबाट ११ करोड ६५ लाख आम्दानी गर्नुभएकोमा धन्यवाद कर्मचारी तथा अध्यक्ष महोदयलाई धन्यवाद गर्न चाहन्छु ।

३. यस सभामा स्लाइड प्रस्तुतिको कमि भएकाले कम्पनीले गर्दै आएको प्रोजेक्ट सम्बन्धीको जानकारी अली प्रष्ट नभएको जस्तो महसुस भएको व्यक्त गर्नुभयो । आगामी वर्षका साधारण सभामा सो कुरालाई ध्यानमा राखि स्लाइड प्रस्तुति र प्रोजेक्टको बारेमा जानकारी दिन प्रोजेक्टरको प्रयोग गर्नका लागि सुझाव दिइयो ।

४. यस कम्पनीको जलविद्युत हाईड्रोपावर प्रोजेक्ट सम्पन्न गर्न प्रति मे.वा कति खर्च लाग्यो ? त्यसका साथै बैंकको अब ऋण कति बाँकी छ र कुन बैंकले ऋण प्रवाह गर्न लिड गऱ्यो ?

५. यस कम्पनीको ९.५१ मे.वा जलविद्युत उत्पादन संचालनमा आइसकेको छ । यो उत्पादन संचालनमा आए पश्चात् अरु यस्तै परियोजना पनि विस्तार गर्नका लागि अरु विभिन्न आयोजनाहरु विभिन्न स्थानमा शुरु गर्न सुझाव दिइयो र त्यसका साथै सो जग्गाको सहि प्रयोग गर्नको लागि कम्पनीले नगदे बाली, अदुवा खेती, माछा पालन, बंगुर पालन आदी इत्यादीहरु गर्न पनी सुझाव दिनुभयो । त्यसका साथै फिल्ड खटिने कर्मचारीहरु हाम्रा कमाई हुन । उनिहरुको समय सापेक्ष वृत्ति विकासमा ध्यान दिनु हुनेछ नै ।

६. यस कम्पनीको २०७८/२०७९ को वित्तिय प्रतिवेदन हेर्दा कम्पनी नाफामा रहेको हुनाले कम्पनीले आउने आर्थिक वर्षहरुमा शेयरधनीहरुलाई लाभांश वितरण गर्न सक्छ भन्ने आशा राखियो ।

७. कम्पनी राम्रो भएकाले यसले यहि अनुसार नाफा गर्दै जाने आशा राखेको छौ र कम्पनीले आफ्नो ऋण चाँडो भन्दा चाँडो कम गरी शेयरधनीहरुलाई लाभांश स्वरुप बोनस शेयर तथा नगद प्रदान गरिदिनुहुन अनुरोध गर्नुभयो ।

८. त्यसका साथै अर्को वर्षदेखि वार्षिक साधारण सभा गर्दा कम्पनीले असोज कात्तिक मै गरोस भने आशा राख्दछौ ।

१३. <u>**जिज्ञासा तथा सुझावहरु माथि सम्बोधन**</u>

**क) अध्यक्षज्यूबाट भएको सम्बोधन**

१. कम्पनीको शेयर सार्वजनिक निष्काशन पश्चातको दोश्रो साधारण सभा भएकोले हामी सहभागीहरूको बारेमा निश्चित नभएको कारण यस वर्ष स्लाइड प्रस्तुति गरिएन । हामी यसलाई विचार गर्नेछौ र आगामी वार्षिक साधारण सभाबाट स्लाइड मार्फत प्रस्तुतीकरण दिनेछौ ।

२. कम्पनीको संचालन खर्च कम गर्न सके कम्पनी नाफामा जाने र यस जलविद्युत आयोजनाले राम्रोसँग काम गरे आगामी वर्षबाट लाभांशको अपेक्षा गर्न सकिन्छ ।

३. कम्पनीलाई एस.बि आई बैंक र सिर्द्धाथ बैंकले नै ऋण प्रदान गरेको छ । त्यसैमा निहित छौं ।

४. अर्को वर्ष साधारण सभा गर्दा समयमा नै गर्नेछौं ।

Samling Power Co. Ltd.

५. अन्य आयआर्जन गर्न खेती गर्ने कुरा पनि छ त्यसका साथै Solar Panel प्रयोग गरि बिजुली उत्पादन गर्ने भन्ने विषय पनि छलफलका क्रममा रहेको र आवश्यक हँदा हामी फेरी त्यस कार्यमा अगाडी बढनेछौँ ।

६. बाढी पहिरो पश्चात आयोजनामा भएको नोक्सानी पश्चात कम्पनीले उर्जा डेभलपर्स प्रा. लि सँग सम्वद्ध संस्था मार्फत ५ वटा मौसम सूचना केन्द्र राखेको र एक hydrological station राखेका छौँ । यो नेटवर्क अनुसार अनलाईन सिस्टममा कार्य हुने भएकोले केही हदसम्म बाढी पहिरोको डर कम भएको छ । त्यसका साथै गाँउपालिका र नगरपालिका सँग सम्झौता गरि Early Warning System मा उहाँहरु सँग कार्य गरिरहेका छौँ ।

## १४. प्रस्तावहरुको प्रस्तुति

जिज्ञासा तथा सुझावहरु माथिको सम्बोधन पश्चात अध्यक्षज्यूको निर्देशन बमोजिम कानुनी सल्लाहाकारको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभा समक्ष कम्पनीको आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको सोहि अवधिको वासलात विस्तृत नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित सामान्य प्रस्ताव अन्तर्गतका विषयसूचीहरु/प्रस्तावहरु र विशेष प्रस्ताव अन्तर्गतका विषय सूचीहरु/प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १५. सभाको निर्णयहरु:

### (क) सामान्य प्रस्ताव:

**१) आ.व. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरियो ।

**२) आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।**

यस सभामा प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, विस्तृत नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, पूँजीमा भएको परिवर्तन लगायत तत्सम्बन्धी अनुसूचीहरु माथि छलफलगरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार कम्पनीको लेखापरीक्षण समितिको सिफारिश र संचालक समितिले समेत निर्णय गरि सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भइसकेको र सभाले कम्पनीको लेखापरीक्षण समितिको सिफारिश र संचालक समितिले समेत निर्णय गरि सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षक S.D. & Associates लाई आ.व. २०७९/०८० को सेवा शुल्क कर सहित रू.१,४१,२५०/-(अक्षरुपी एक लाख एकचालिस हजार दुई सय पचास मात्र) बाह्य भत्ता, स्थानिय सुविधा र यातायात खर्च बाहेक (Excluding of Out-Station Allowances and Transportation expenses) लेखा परीक्षण शुल्क दिने गरि नियुक्त गर्न प्रस्ताव

Samling Power Co. Ltd.

स्वीकृति/अनुमोदनका लागि यस सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूको सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(ख) **विशेष प्रस्तावः**

१) **आयोजनाको अन्तिम लागत र सो लागत बमोजिमको बैंकको ऋण लगानी रकम अनुमोदन गर्ने सम्बन्धमा ।**

विशेष प्रस्ताव नं. १ उपर छलफल गर्दा यस कम्पनी अन्तर्गतको जलविद्युत आयोजनाको कुल अन्तिम लागत २०५ करोड हुन आएको र बाढी पहिरोको क्षतिको मर्मत स्वरुप रु १०.३३ करोड लागेको र यसका साथै अब आयोजनाको कुल अन्तिम लागतको अनुपातमा ७५% को हिसाबले हुन आउने बैंकबाट लिईएको कुल ऋण रकम रु.१६६.४९ करोड समेतलाई यस सभाबाट अनुमोदन गरि अन्तिम कुल निर्माण लागत रकम तथा बैंक ॠण रकम दुवै स्वीकृत समेत गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

२) **कम्पनीको मिति २०७९/०२/१६ मा गठित ७ सदस्यीय संचालक समितिको अनुमोदन तथा बाँकी कार्य अवधिको लागि स्वीकृती दिने सम्बन्धमा ।**

विशेष प्रस्ताव नं. २ को उपर छलफल गर्दा यस कम्पनीको गत वार्षिक साधारण सभाबाट नियमावलीमा भएको संशोधन पश्चात संचालक समितिको संख्या घटाई मिति २०७९/०२/१६ मा गठित ७ सदस्यीय संचालक समितिको कार्यअवधि शेयरधनी समूह "ख" तथा "ग" निर्वाचितहरु बाहेक अन्य समूह "क" अर्न्तगतका संचालकहरुको तथा स्वतन्त्र संचालकको समेत आगामी वार्षिक साधारण सभा नभएसम्म कायम हुने अवस्था विद्यमान रहेकोले सोही बमोजिम कायम हुने गरि उक्त मितिमा गठित संचालक समितिको कार्यकाल कायम गर्नेगरि उक्त ७ सदस्यीय संचालक समितिको अनुमोदन तथा कार्यअवधि समेत निम्नबमोजिम निर्धारण गरि स्वीकृत गर्ने नियुक्त गर्ने निर्णय समेत गरियो ।

| | | |
|---|---|---|
| १) श्री मोहन दास मानन्धर | अध्यक्ष | - पदावधि आगामी वार्षिक साधारण सभासम्म |
| २) श्री श्याम मिलन श्रेष्ठ | संचालक | - पदावधि आगामी वार्षिक साधारण सभासम्म |
| ३) श्री गोपाल मानन्धर | संचालक | - पदावधि आगामी वार्षिक साधारण सभासम्म |
| ४) श्री शम्भु प्रसाद फयल | संचालक | - पदावधि आगामी वार्षिक साधारण सभासम्म |
| ५) श्री वविता फूयाल (प्रतिनिधि- इक्युटास होल्डिङस् प्रा.लि.) | संचालक | - गत वार्षिक साधारण सभादेखि एक कार्यकाल पुरा |
| ६) श्री दुर्गादेवी अधिकारी | संचालक | - गत वार्षिक साधारण सभादेखि एक कार्यकाल पुरा |
| ७) श्री राजु शाक्य | स्वतन्त्र संचालक | - पदावधि आगामी वार्षिक साधारण सभासम्म |

३) **कम्पनीको हाल कायम रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी नयाँ ठेगाना कायम गर्न प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं ३ को उपर छलफल गर्दा यस कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना ल.पु.जि.ल.पु.म.न.पा वडा नं २ रहेकोमा सोलाई परिवर्तन गरी ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ३ कायम गर्ने निर्णय गर्दै निम्न बमोजिमको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने निर्णय गरियो ।

**दफा २ कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिर्ष्टड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. ३ मा रहनेछ ।

...ling Power Co. Ltd.

**नियम २ कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिर्ष्टड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. ३ मा रहनेछ ।

**प्रबन्धपत्रको संशोधन तिनमहले**

| साविक व्यवस्था र दफा | हाल गर्नुपर्ने संशोधन र नियम | संशोधन गर्नु पर्ने औचित्य र कारण |
|---|---|---|
| **दफा २ कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिर्ष्टड कार्यालय ल.पु.जि.ल.पु.म.न.पा वडा नं २ मा रहनेछ । | **दफा २ कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगानाः** यस कम्पनीको रजिर्ष्टड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडानं. ३ मा रहनेछ । | साबिक ठेगाना परिवर्तन गर्न पर्ने भएकोले । |

**नियमावलीको संधोधन तिनमहले**

| साविक व्यवस्था र दफा | हाल गर्नुपर्ने संशोधन र नियम | संशोधन गर्नु पर्ने औचित्य र कारण |
|---|---|---|
| **नियम २ कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिर्ष्टड कार्यालय ल.पु.जि.ल.पु.म.न.पा वडा नं २ मा रहनेछ । | **नियम २ कम्पनीको रजिर्ष्टड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिर्ष्टड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडानं. ३ मा रहनेछ । | साबिक ठेगाना परिवर्तन गर्न पर्ने भएकोले । |

**४) माथि विशेष प्रस्ताव (३) को प्रस्तावित संशोधनमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने ।**

माथि विशेष प्रस्ताव (३) अन्तर्गत को प्रस्तावित ठेगाना परिवर्तन गर्ने सम्बन्धी प्रबन्धपत्र नियमावलीको संशोधनका सर्न्दभमा अपनाउनु पर्ने कार्य विधि प्रक्रिया पुरा गर्ने सम्बन्धमा तथा पछि यस विषयमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जन मिलाउन तथा सो सम्बन्धमा अन्य निर्देशन वा सुझाव प्राप्त भएमा सो समेत मिलाई नियमावलीको सम्बन्धित नियमको संशोधन अभिलेख गर्नुपर्ने अन्य आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनका यस साधारण सभामा निहित अधिकारहरु यस कम्पनीको संचालक समितिलाई प्रत्यायोजन गर्नका लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सोलाई पारित गरि निर्णयार्थ पेश भएको प्रस्ताव बमोजिम सभाबाट सर्वसम्मतिले निर्णय गरि सञ्चालक समितिलाई आवश्यक अख्तियारी दिने निर्णय भयो ।

(घ) <u>विविधः</u>

१) <u>धन्यवाद ज्ञापनः</u>

छलफलको निमित्त राखिएका समान्य प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले कम्पनीको उत्कृष्ट कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र चौथो वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एंव परोक्षररुपमा सहयोग गर्नुहुने नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरु, कम्पनीका लेखापरिक्षक, शुभेच्छुक महानुभावहरु कम्पनीमा आवद्ध कर्मचारीहरु एंव सरोकारवालाहरु सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

Samling Power Co. Ltd.

२)    **सभा बिसर्जन:**

अन्तमा दिउँसो १:०० बजे सभाका अध्यक्षज्यूले सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नु हुँदै कम्पनीको चौथो वार्षिक साधारण सभा बिसर्जन गर्नुभयो ।

अनिता खत्री
कम्पनी सचिव

Samling Power Co. Ltd.

मोहन दास मानन्धर
अध्यक्ष
मितिः २०७९/०९/२१